

# बढैयाताल

## (पर्यटकीय तथा धार्मिक क्षेत्र)

सुन्दर बढैयाताल




स्थानीय तह निर्वाचन-२०७९ बाट निर्वाचित बढैयाताल गाउँपालिकाका जनप्रतिनिधिको सपथ ग्रहण



# भूमिका

विश्व मानचित्रमा नेपाल अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता,सांकृतिक, धार्मिक तथा पुरातात्विक महत्वका ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय महत्वका विशेषताले भरिपूर्ण देश हो । संसारमा निकै आकर्षक पर्यटकीय गन्तव्यको रूपमा नेपाल परिचित छ । पश्चिम नेपालमा पनि प्रचुर पर्यटकीय क्षेत्रहरू छन् । यो क्षेत्रमा पर्यटकीय सम्भावना नै सम्भावना छन् । लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यमध्ये बढैयाताल गाउँपालिका पनि एक हो ।

बढैयाताल गाउँपालिकाको प्रमुख पर्यटकीय स्थल बढैयाताल हो । यो ताल बाहेक पनि यहाँ धार्मिक, सांस्कृतिक, जैविक विविधतायुक्त क्षेत्रहरू पर्यटकीय गन्तव्यको रूपमा रहेका छन् । भौगोलिक वनावट, हावापानी, वनजङ्गल, खोलानाला र ताल, विभिन्न जनजातिहरूको रहनसहन आदिको विविधताले गर्दा पनि गाउँपालिकामा धेरै पर्यटकीय सम्भावना रहेको छ । पर्यटन क्षेत्रलाई बढैयाताल गाउँपालिकाले समृद्धिको आधार नै बनाएको छ । चालु आर्थिक वर्षको नारा नै 'शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : बढैयाताल गाउँपालिकाको समृद्धिको आधार' रहेको छ । यहाँ रहेका पर्यटकीय क्षेत्रमा क्रमशः पूर्वाधार विकास गर्दै गाउँपालिकाबासीको जीवनस्तर उकास्नेमा गाउँपालिकाको लक्ष्य रहेको छ । पर्यटकीय क्षेत्रको पहिचान गर्न, सम्भाव्यताबारे जानकारी संकलन गर्न नै यो पुस्तक प्रकाशित गरिएको हो ।

पुस्तक प्रकाशनका लागि आवश्यक सामग्री संकलनदेखि संयोजनको भूमिका निर्वाह गर्ने जटिल मिडिया प्रालि र कम्पनीका अध्यक्ष जयपति ढकाललाई हार्दिक धन्यवाद । पुस्तकको कभर र आकर्षक रूपमा ले-आउट डिजाइन गर्ने दीपेश आचार्यलाई प्रति हामी आभारी छौं । पुस्तकका सम्पादक बरिष्ठ पत्रकार शंकरप्रसाद खनालप्रति हामी ऋणी बनेका छौं । पुस्तक प्रकाशनका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाउने सम्पूर्ण व्यक्तिहरूको योगदानलाई बिर्सन मिल्दैन । सबैलाई एकमुष्ट रूपमा धन्यवाद ।

अन्त्यमा, बढैयाताल गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रबारे राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्न गाउँपालिकामा रहेका सबै पर्यटकीय क्षेत्रको बारेमा एकमुष्ट रूपमा जानकारी दिने उद्देश्यले पुस्तक प्रकाशित गरिएको छ । यो पुस्तक गाउँपालिकाबासी, अध्ययन, अनुसन्धानकर्ता, पर्यटनकर्मी, पत्रकार र पर्यटनका विषयमा रुची राख्ने सबैका लागि उपयोगी सन्दर्भ सामग्री हुने हामीले विश्वास लिएका छौं । तपाई प्रबुद्ध पाठक वर्गको अमूल्य सुझाव र सल्लाहको अपेक्षासहित धन्यवाद ।

**हिमालय त्रिपाठी**
अध्यक्ष, बढैयाताल गाउँपालिका (बर्दिया)


**प्रकाशक** : जटिल मिडिया प्रा.लि. नेपालगन्ज
**सहयोग** : बढैयाताल गाउँपालिका
मैनापोखर (बर्दिया)
**प्रकाशित साल** : २०७९ माघ

**सम्पादक** : शंकरप्रसाद खनाल
**संकलन/संयोजन** : जयपति ढकाल
**कभर फोटो** : प्रदीप राजवंशी
**ले-आउट तथा कभर डिजाइन** : दिपेश आचार्य




# परिचय

बढैयाताल गाउँपालिका लुम्बिनी प्रदेशको पश्चिमी किनारको सबैभन्दा पुछारको जिल्ला बर्दियामा पर्छ। जिल्लाका ८ स्थानीय तहमध्ये एक गाउँपालिका हो। नेपाल सरकारले २०७३/११/२७ मा साविकका जमुनी, सोरहवा, कालिका र मैनापोखर गाविस समावेश गरी ९ वडाहरू कायम गरी बढैयाताल गाउँपालिका गठन गरिएको हो।

समुद्र सतहदेखि १४३ मिटरदेखि १५७ मिटरको उचाइमा रहेको बढैयाताल ११५.१९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला पर्छ। बढैयाताल गाउँपालिकालाई २०७३/११/२७ गते गाउँपालिका घोषणा गरिएको हो। राष्ट्रिय जनगणना-२०७८ प्रारम्भिक नतिजा अनुसार गाउँपालिकाको जनसंख्या ५२ हजार ५६ रहेको छ।

गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा कुल जनसंख्या ५१,४५५ सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाति, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण

**बढैयाताल गाउँपालिकाको जनसंख्या**

| | |
|---|---|
| जनसंख्या | ५२०५६ |
| पुरुष | २४०४२ |
| महिला | २८०१४ |
| परिवार संख्या | १२७२६ |
| घर संख्या | ११८२६ |

स्रोत : राष्ट्रिय जनगणना-२०७८ प्रारम्भिक नतिजा

| बढैयाताल गाउँपालिकाको वडा विभाजन | | |
|---|---|---|
| वडा | साविक गाविसहरु | साविक वडा नं. |
| १ | जमुनी | ६-९ |
| २ | जमुनी | १-५ |
| ३ | सोरहवा | ६-९ |
| ४ | सोरहवा | ३-५ |
| ५ | सोरहवा | १, २ |
| | मैनापोखर | ३ |
| ६ | मैनापोखर | १,२,४,६,८,९ |
| ७ | मैनापोखर | ५, ७ |
| | कालिका | १,२,९ |
| ८ | कालिका | ३, ५,८ |
| ९ | कालिका | ४ |

क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाति र तराई अन्य रहेका छन्। गाउँपालिकामा तराई जनजातिको रूपमा थारुको जनसंख्या सबैभन्दा धेरै छ। दोस्रोमा पहाडबाट बसाइसराई गरेर आएका ब्राह्मण क्षेत्रीको छ। यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेका छन्।

जातजाति र समुदायको विविधताका कारणले गाउँपालिकाम विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघी, होली, महाशिवरात्री, माघी, कृष्णजन्माष्टमी, बकरइद, रमजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिसमस आदि प्रमुख चाडपर्वको रूपमा मनाइन्छ।

गाउँपालिका सबैभन्दा बढी कुल जमिनको ८३.१२ प्रतिशत (९५.७५ वर्ग कि.मी.) जग्गा खेतीयोग्य जमिनको रूपमा छ। ४.४३ प्रतिशत (३.८४ वर्ग कि.मी.) घाँसेमैदान र २.१९ प्रतिशत छरिएका रुखहरूले ओगटेको छ। त्यस्तै गाउँपालिकामा जल क्षेत्रले १.११ प्रतिशत (१.२८ वर्ग कि.मी ) र पोखरीले ०.७० प्रतिशत भूभाग ओगटेको छ। बालुवाले २.३३ प्रतिशत (२.६८वर्ग किलोमिटर), झाडीले ०.४२ प्रतिशत, बगैंचाले ०.२६ प्रतिशत, ओगटेको छ। कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भू-भाग समथर हुनाले अधिकांश भाग कृषियोग्य छ।

बढैयाताल खोलानाला र ताल पोखरी जस्ता प्राकृतिक श्रोत साधनमा पनि धनी गाउँपालिका हो। विकासको सम्भावना बोकेको गाउँपालिकाको रूपमा बढैयातालमा कृषिमा आधारित पर्यटकीय क्षेत्रको सम्भावना छ।



# बढैयातालका पर्यटकीय क्षेत्रहरु



बढैयाताल गाउँपालिका एउटा विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन वनस्पति, वन्यजन्तु, खोला र ताल तथा साँस्कृतिक विविधताको कारण एउटा पर्यटकीय गन्तव्य बनेको छ। थारु जातिको रहनसहन पनि यहाँको पर्यटनका आकर्षक पक्षहरू हुन्।



# सुन्दर बढैयाताल

बढैयाताल गाउँपालिका-५ बढैया गाउँमा जिल्लाकै सबैभन्दा ठूलो सीमसार क्षेत्र बढैयाताल छ। ताल १०९ बिघा क्षेत्रफलमामा फैलिएको छ। जहाँ आँखाले देखुञ्जेल पर-परसम्म हरिया पातमाथि थरिथरिका सुन्दर कमलका फूलले ताल ढकमक्कै ढाकिएको छ। टेलुनीयाको फूल मगमगाउँछ। सेल्की, गेजरा, भँसेर लगायतका अनगिन्ती पानीमा पाइने जडीबुटी यहाँ पाइन्छ।

साइबेरिया, चीन र भारत लगायतका देशबाट आएका सयौं प्रजातिका पाहुना र लोपोन्मुख चरा ताल क्षेत्रमा प्रसस्तै देख्न पाइन्छ। मुलुककै दुर्लभ प्रजातिका चरा पनि यहाँ पाइन्छन्। बासस्थान संकटमा परेपछि अहिले चरा आगमनमा कमी आएको छ। यहाँ सरास, करैंकुरुङ, साइबेरिन, हाँस, कुर्मा, मरुल, लामाऔले, राज हुटिट्याउँ, टिमटिमा, मलाह चिल, माटी कोरी पजातीका चरा देख्न पाइन्छन्। त्यस्तै डुबुल्की, जलेवा, चखेवा, ७ प्रजातिका बकुला, लाल टाउके गरुड, करी साँवरी, सिलसिले, खडखडे हाँस, विजुलागैरी, हरियो टाउके, सुइपुच्छे, सिम कुखुरा लगायत प्रजातिका चार हेर्न सकिन्छ। तालमा स्थानीय प्रजातिका चराहरू मात्रै ३१ प्रकारभन्दा बढी पाइन्छन्। चराहरूका चिरबिर चिरबिर



आवाजले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ। बढैयाताल हेर्न जाने जोकोहीलाई आफ्नो समय खेर फालेको महसुस हुँदैन ।

बढैयातालमा बाहै महिना पानी जमिरहन्छ। पानी हिउँदमा पनि सुक्दैन। देश संघीय संरचनामा जानु अघि जिल्ला विकास समिति बर्दियाले बढैयातालमा वार्षिक २५ लाख रूपैयाँ माछा ठेक्काबाट आम्दानी गर्थ्यो । दर्जनौं प्रजातिका स्वादिला माछाले नेपालगन्जलगायतका बजार क्षेत्रमा 'बढैयाताका माछाको छुट्टै पहिचान' बनाएको थियो । हुनत अहिले पनि नेपालगन्जमा बिक्री हुने माछालाई 'बढैयातालको ताजा माछा' भनेरै नै बेचिन्छ तर बढैयाताल गाउँपालिका बने यता बढैयातालमा माछा पाल्न र ठेक्का दिन छोडिएको छ। बढैयातालको माछाको पूर्ति भने बढैयातालकै आसपासका क्षेत्रमा स्थानीयका दर्जनौं निजी पोखरीको माछाले गरेका छन् । यी तालका रोहु, नैनी, ग्रासकार्प, कमन कार्प, बिगहेड कार्पलगायतका जिउँदो माछा नै बाँके र बर्दियाका बजारमा पुग्छ। त्यसैले माछामा बढैयातालको साख अझै कायमै छ। नेपालगन्जको सीमावर्ती क्षेत्रमा भारतीय माछालाई पनि बढैयातालकै माछा भनेर बिक्री गरिन्छ। बढैयातालका माछाको स्वाद लिनकै लागि भए पनि पर्यटक यहाँ पुग्ने गर्छन् ।

सिमसार क्षेत्र बढैयातालमा वनभोजका लागि आउनेको ओइरो लाग्छ। यहाँको पिकनिक स्पट भरिभराउ छ। हजारौंको



संख्यामा आउने समूहले ठाउँ नपाएर तालको बाँधमै भए पनि रमाउने गरेका भेटिन्छन्। तालमा घुमघाम गर्न, चरा हेर्न र डुँगामा शयर गर्न पाइन्छ।

बढैयाताल अवलोकनका लागि विभिन्न ठाउँका आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्दछन्। केही समय अघि चीनको श्यामसियानलगायत ४ प्रान्तका पर्यटन व्यवसायीहरूका अध्यक्ष लिपाओ ह्वा नेतृत्वको चिनियाँ टोलीले बढैयाताल अवलोकन गरेको थियो।

बढैयाताल क्षेत्रको विकासका लागि २०५८ सालमा यसको डीपीआर बनेको थियो। तालको बीचमा मन्दिर, बोटिङ, पिकनिक स्पट, चारवटा भ्यू टावर बनाइने उल्लेख छ। बढैयातालमा भ्यूटावरसहित एक पिकनिक स्पट बनेको छ। साथै प्रतिक्षालय र भूकम्प प्रतिरोधात्मक घरको डीपीसी तयार भइरहेको छ। नेपाल सरकारको देशभरका १०० पर्यटकीय गन्तव्यमा बढैयाताललाई पनि राखेको छ।

अहिले ताललाई जलकुम्भीले ढाकेको छ। तालको संरक्षणमा रैथाने थारु समुदायको परम्परा जोडिएको छ। तालमा पस्नुअघि स्थानीयले कमलको फूल टिपेर शंकर र पार्वती (लगवालगीनीया)लाई चढाउँछन्। शंकर र पार्वती बह्रैयातालमा नाग र नागिनको अवरणमा घुम्न आएको विश्वास गरिन्छ। मासिकश्राव भएका बेला महिलाहरू तालमा पस्न पाउँदैनन्। फोहोर गर्न निषेध गरिएको छ। सिनो फाल्न पाइँदैन।



## प्राचीन कालिका मन्दिर

बढैयाताल-७ मा प्राचीन कालिका मन्दिर रहेको छ। २०३७ सालमा यो मन्दिर स्थापना भएको हो। यहाँ चैते दशैं, बडादशैं, तिहारमा विशेष पूजाआजा हुने गरेको छ। थारु समुदायले पनि विभिन्न अवसरमा पूजाआजा गर्ने गर्छन्। थारु समुदायले विभिन्न विपद र रोगव्याधी हटाउन पनि पूजा गर्छन्। बगोटियामा शिव मन्दिर पनि रहेको छ। यो मन्दिर निर्माणाधीन अवस्थामा छ। सोही गाउँमा लक्ष्मी हरनारायण मन्दिरमा हरेक दिन पूजाआजा हुन्छ। सो मन्दिरमा गुरुकूल स्थापना गरेर संस्कृत भाषा पढाइन्छ।

## दुई मोहना र नाग मणिधाम

बढैयाताल गाउँपालिकाको वडा नं. ४ को दक्षिण भकारी गाउँमा प्रसिद्ध दुई मोहना र नाग मणिधाम छ। बढैयाताल-४ का वडाध्यक्ष नरे थापाका अनुसार मानखोला र डुडुवा खोलाको दोभानमा रहेको यी दुई धार्मिकस्थलमा शिवको पूजाआजा गरिन्छ। जहाँ हरेक वर्ष पुस महिनामा मेला महोत्सव र महायज्ञ लगाइन्छ। शिवको पूजा आराधना गर्दा मनको इच्छा पूरा हुने विश्वासका साथ पर्यटक र धर्मालम्बीहरूको आकर्षकको केन्द्रविन्दु बनेको छ। यो क्षेत्रलाई गाउँपालिका र वडाले पर्यटकीय गन्तव्यको रूपमा विकास गरिरहेका छन्।

## मैनादेवी मन्दिर

बढैयाताल-६ अर्को पर्यटकीय गन्तव्यको रूपमा मैनादेवी मन्दिर (मैना बहोरीया) रहेको छ। वडाध्यक्ष शुक्रराज सापकोटाका अनुसार तल्लो मैनापोखरमा रहेको यो मन्दिर थारु समुदायले पूजाआजा गर्छन्। धेरै पहिले सामुदायिक वनको किनारमा त्यहाँ ठूलो पोखरी थियो। जहाँ मैना चराहरू आउने गर्थे। सो स्थानमा आदिवासी थारुहरूले मैनादेवीलाई आस्थाको रूपमा पुज्ने गरेका छन्। सोही वडामा अर्को शिव मन्दिर र भोदुबाबाको समाधि पनि पर्यटकीय गन्तव्यका रूपमा छन्।

# बौद्ध गुम्बा



बढैयाताल-९ मुनाल वस्तीमा बौद्ध गुम्बा पनि अर्को पर्यटकीय गन्तव्य हो। वडाका शक्तिनगर, टेशनपुर लगायतका गाउँमा गरी झन्डै एक सयको संख्यामा बौद्ध धर्मालम्बीहरू बसोबास गरिरहेको वडाध्यक्ष वीरबहादुर थारु बताउँछन्। बौद्ध गुम्बा नजिकै हिन्दु धर्मालम्बीहरूको प्राचीन कालीका मन्दिर रहेको छ। शिवरात्रिमा विशेष पूजा आराधना हुने गरेको छ। वडाको टेशनपुरमा रहेको स्टिलको झोलुङ्गे पुल पनि टिकटक चलाउनेहरूको लागि आकर्षकस्थल बनेको छ। सोही स्थानमा पिकनिक स्पट पनि रहेको छ।

केही वर्ष अघि स्थापना भएको मुनाल बस्तीको बौद्ध गुम्बामा आबद्ध संघर्ष समिति र स्थानीय एवं बौद्धमार्गीहरुको अपार साथ पछि २ जेठ २०७४ मा जिल्ला प्रशासन कार्यालय बर्दियामा मुनाल बौद्ध गुम्बा दर्ता भएको हो। मुनाल बौद्ध गुम्बा निर्माण समितिले गुम्बाको मर्मत सम्भार गरेर आकर्षक पर्यटकीय गन्तव्य बनाएको छ।

माथि उल्लेख गरिएका त प्रतिनिधिमूलक पर्यटकीय क्षेत्र मात्र हुन्। गाउँपालिकाका हरेक वडामा कुनै न कुनै धार्मिक र पर्यटकीय क्षेत्रहरू रहेका छन्। यी सम्पूर्ण पर्यटकीय क्षेत्रको पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरूप अगाडि बढाउन सकेमा पर्यटनमार्फत स्वरोजगार सिर्जना, गरिबी निवारण गरेर समृद्ध बढैयाताल बनाउन सकिन्छ।

# बढैयातालमा माघी महोत्सव

थारु समुदायको महान पर्व माघीलाई बढैयाताल गाउँपालिकामा हरेक वर्ष मनाउने गरिएको छ। थारु कला, संस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन गर्न गाउँपालिकामा कहिले माघी कृषि तथा पर्यटन महोत्सव, कहिले माघी मिलन र थारु नाच हुने गरेको छ। बढैयाताल गाउँपालिकाले माघीको अवसरमा सार्वजनिक विदा दिने गरेको छ।













# वडागत पर्यटकीय क्षेत्रहरू

बढैयाताल गाउँपालिकाका ९ वटै वडामा मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद जस्ता धार्मिक पर्यटकीय क्षेत्र, सुन्दर वन जंगल, पार्क, पिकनिक स्पट, ताल तलैया, झोलुंगे पुल जस्ता पर्यटकीय क्षेत्रहरू छन् ।

## वडा नं. १

- कालिका मन्दिर डाँफे
- जगदम्बा मन्दिर शान्तिपुर
- राम मन्दिर शान्तिपुर
- इसाइहरूका २ वटा चर्च
- शान्तिसामुदायिक वन शान्तिपुर
- झोलुंगे पुल सीतापुर र शान्तिपुर
- पिकनिक स्पट शान्तिपुर सामुदायिक वन शान्तिपुर
- चौतारो : वर पिपल चौतारा (शान्तिपुरमा ५ र डाँफेमा १ वटा)
- फुटबल मैदान

## वडा नं. २

- नकाहा मन्दिर शिवशक्तिपुर (अरू मन्दिर पनि)
- दुर्गा र नव दुर्गा मन्दिरशिवशक्तिपुर
- आनन्देश्वर शिवशक्तिपुर
- शिवालय मन्दिर शिवशक्तिपुर
- बेथिनीया चर्चसहित २ वटा
- सामुदायिक वन : सिर्जनशील र शिवखोला

## वडा नं. ३

- राम जानकी मन्दिर सिमरा, सतपतिया र गोब्रेपुर
- भगवती मन्दिर सिमरा
- जय गुरुदेव मन्दिर सत्पतिया र गोब्रेपुर
- मुस्लिम मस्जिद भवानीपुर
- चर्च भोलागौडी र सिमरा
- सामुदायिक वन : मानझुन्डी भोलागौडी

## वडा नं. ४

- बढैयाताल
- बढैयाताल पिकनिक स्पट
- दुई मोहनी शिव मन्दिर पर्यटकीय क्षेत्र
- शिवमन्दिर दक्षिण भकारी
- सहदेव महादेव मन्दिर सिक्कियारिहार
- थारु थनुवा रामनगर, कन्द्राबस्ती,
- ज्योति चर्च : ज्योति (खैरेनी) र नवजीवन (पुष्पनगर)
- मुस्लिमको कर्बला दक्षिणभकारी
- खैरेनी सामुदायिक वन
- सिक्किया रिहार हाट बजार
- वडामा ३० बढी माछा पोखरी (सामुदायिक र निजी)

## वडा नं. ५

- बढैयाताल र बढैयाताल पार्क
- कालिका मन्दिर हल्लन चोक र जगतीया
- शिव मन्दिर बढैया, जगतीया र पासीपुर
- मुस्लिम मस्जिद खैसा
- थनुवा प्रत्येक थारु गाउँमा
- वीरेन्द्रनगर चर्च हल्लनचोक नयाँ वस्ती
- व्यवसायिक माछापालन

- सामुदायिक वन : इन्द्रेणी (हल्लनचोक), महरिहार (जगतीया) र शान्ति (फूलवारी)
- शहिद प्रतिष्ठान बन्दै

## वडा नं. ६

- शिव मन्दिर रानीपुर, भदोही र उचुवा मैनापोखर
- मैनादेवी मन्दिर खल्ला गाउँमा
- भोदुबाबा मन्दिर उचुवा मैनापोखर
- मुस्लिम कर्बला खल्ला गाउँ नर्सरी छेउ
- चर्च : भदोहीमा २ वटा
- थारु थनुवा : भदोही, मैनापोखर, खल्ला मैनापोखर र उचुवा मैनापोखर
- सामुदायिक वन : रिहार, बगदैला फाँटासहित३ वटा
- पोखराताल उचुवा मैनापोखर

## वडा नं. ७

- शिवालय मन्दिर बकोटिया र राजापुर
- कालिका मन्दिर पचासा
- दुर्गा मन्दिर राजापुर र पदरिया मधेसी टोल
- त्रिडण्डी यतिराज मन्दिर
- शिव मन्दिर पूरानो कण्ठपुर, रामगढी, कर्णालीपुर, राजापुर, पदरिया र एक्काइसा
- मुस्लिम मस्जिद
- डिलिवर चर्च पचासा
- थनुवा मरुवा पचासा, बकोटिया, फूलपुर,
- सामुदायिक वन : नवसिर्जना, शिवशक्ति, फूलपुर एक्काइसा, शिवशक्ति र त्रिपुरा सामुदायिक वन
- भगवती दूध डेरी तिलकाना

## वडा नं. ८

- कालिका मन्दिर कण्ठपुर
- सितलामाइ मन्दिर सितलाबजार
- जगन्नाथ मन्दिर मयुर वस्ती
- बौद्ध गुम्बा कण्ठपुर
- चर्च : स्याउली बजार र मुनालवस्तीसहित ४ वटा
- सबै थारु वस्तीमा थनुवा र मरुवा
- सामुदायिक वन : मयुर, कालिका मन्दिर, तिल्कानासहित ५ वटा
- सिमसार क्षेत्र कन्हैया फाँटा मयुर सामुदायिक वनभित्र
- तरकारी पकेट क्षेत्र (कृषि सहकारीमार्फत काम भइरहेको)

## वडा नं. ९

- प्राचीन कालिका मन्दिर मुनालवस्ती
- शिव पार्वती मन्दिर टेसनपुर भुटानी टोल
- शिव मन्दिर जनतानगर र शक्तिनगर
- मुनाल गुम्बा मुनाल बस्ती
- थारु थनुवा शक्तिनगर र टेसनपुर्वा
- सामुदायिक वन : सिर्जना (मुनालवस्ती), परोपकार (टेसनपुर), मुक्त कमैया वन (जनतानगर)




# बढैयाताल पश्चिमको प्रमुख पर्यटकीय गन्तव्य बन्छ

– हिमालय त्रिपाठी
अध्यक्ष
बढैयाताल गाउँपालिका

**बढैयातालको पर्यटकीय अवस्था कस्तो छ ?**

बढैयाताल गाउँपालिकाको पूर्वमा बाँकेको खजुरा, पश्चिममा गुलरिया नगरपालिका, उत्तरमा बाँसगढी नगरपालिकाको पूर्व पश्चिम राजमार्ग र दक्षिणमा भारतसँग सीमा जोडिएको छ। बढैयाताल गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको मुहान नै बढैयाताल हो। तालको नामबाट नै गाउँपालिकाको नाम बढैयाताल रहन गएको छ। बढैयाताल १०९ बिघा क्षेत्रफलमा फैलिएको सुन्दर पर्यटकीय ताल हो। यहाँ १९० प्रकारका चराचुरुङ्गी पनि आउने गर्छन्। पश्चिमको प्रमुख पर्यटकीय गन्तव्यबढैयाताल बन्छ भन्ने हामीले विश्वास गरेका छौं।

**बढैयातालको संरक्षण र सम्बर्द्धनका लागि गाउँपालिकाले के काम गरिरहेको छ ?**

बढैयातालको विकासका लागि अहिले पूर्वाधारका कामहरू भइरहेका छन्। बढैयातालको एक अर्बको डीपीआर तयार गरेर तालमा ड्याम लगाउने काम जारी छ। बरिपरीको बाटो संरक्षण गर्ने, चराहरूको बासस्थान बनाउने काम भइरहेको छ। हामीले दुई वर्षभित्रमा बढैयाताललाई एउटा सुन्दर पर्यटकीय गन्तव्यको रूपमा बनाएर आन्तरिक आम्दानी बढाउने गरी काम गरिरहेका छौं। हामीले नमूनाको रूपमा विकास गर्ने काम गरेका छौं। यसमा सफल हुन्छौं।

**बढैयातालको विकासमा क कसको सहयोग भएको छ ?**

यो तालमा स्थानीयदेखि संघीय सरकारले बजेट लगानी गरेको छ। राष्ट्रपति चुरे क्षेत्र विकास समिति, बढैयाताल गाउँपालिका, बढैयाताल संरक्षण क्षेत्रले तालको संरक्षण सम्बर्द्धनमा कामहरू भइरहेको छ। बढैयाताल सीमसार क्षेत्रमा एशियामा नपाइने चराहरूको बासस्थान पनि छ। विभिन्न प्रजातिका

कछुवाहरू र विभिन्न जातका माछाहरू पनि छन्। यहाँ विभिन्न थरीका कमलका फूल छन्। जण्डिस रोगको उपचार हुने जडिबुटीको रूपमा रहेको कमलको फूललाई लिने गरिन्छ। फूलका जरा, डाँठ र पातलाई औषधिको रूपमा प्रयोग गरिन्छ। कमलको फूल संरक्षण गर्न पनि हामी लागि परेका छौं।

**कमलको फूल छन् भन्नुहुन्छ। अहिले त बढैयाताल जलकुम्भीले पूरै ढाकिएको छ। यसको व्यवस्थापन कसरी गरिरहनु भएको छ ?**

अहिले हामी बढैयातालबाट तीन मिटरको माटो निकालिरहेका छौं। ताल संरक्षण विकास समितिबाट पनि पहल भइरहेको छ। जलकुम्भी निकाल्न हामीले समन्वय गरिरहेका छौं। मेसिनले जलकुम्भी निकाल्ने कि भन्ने हामीले सोच बनाएका छौं।

**विगतमा तालको माछा ठेक्कामा दिएर आम्दानी गर्थ्यो। स्थानीय तहमा जनप्रतिनिधिहरू आएपछि तालमा माछापालनको काम रोकिएको छ। माछापालनबारे के योजना बनिरहेको छ ?**

हामी बढैयाताललाई दिगो विकास गर्नका लागि पहिला यसको पूर्वाधार विकासमा जोड दिएका छौं। पर्यटक भित्र्याउनका लागि पूर्वाधार विकास भइरहेको छ। तालमा पानीले बगाउँदै ल्याएको माटोले तालको सतह पुर्दै गएको थियो। त्यो माटो निकालेर ड्याममा लगाइरहेका छौं। तालको पानी सुकाएर काम जारी छ। अहिले नै माछापालनको ठेक्का दिएका छैनौं। यसको संरक्षण र सम्बर्द्धन हुन अझै एक वर्ष लाग्छ। यो काम सम्पन्न भइसकेपछि माछापालनको लागि पनि ठेक्का दिने योजना छ। त्यसपछि भने गाउँपालिकाको आम्दानी पनि बढ्ने हामीले आशा गरेका छौं।

**गाउँपालिकामा बढैयातालको अलावा अरू पर्यटकीय सम्भावना के देख्नु भएको छ ?**

बढैयाताल नै सबैभन्दा प्रमुख पर्यटकीय क्षेत्र हो। यो धार्मिक ताल पनि हो। आदिवासी थारु जनजातिहरूले लग्दहवा बाबाले नै ताल उत्खनन् गरेको भन्ने विश्वास गर्छन्। लग्दहवा बाबालाई हिन्दु धर्ममा विष्णु भगवानको अवतार रूपमा भनिएको छ। थारुहरूले लगुवा बाबाको मन्दिरलाई बनाउनुपर्छ भन्ने अवधारणा ल्याइरहेका छन्। गाउँपालिकाको वडा नं. ४ र ५ मा मन्दिरहरू छन्। तिनको पनि संरक्षण र सम्बर्द्धन भइरहेको छ। बढैया गाउँलाई पर्यटकीय क्षेत्रको विकास गरिरहेका छौं।

जगतीया गाउँ पनि पर्यटकीय क्षेत्र नै हो। यो गाउँलाई मिनि रोल्पा पनि भनेर चिनिन्छ। यो गाउँ हिजो जनयुद्धको थलो हो। यहाँ जनयुद्धको भट्टीबाट खारिएको, उम्लिएको ठाउँ हो। यहाँ १८ जना जनयुद्धमा शहिद हुनु भएको छ। राज्य व्यवस्था परिवर्तनका लागि प्राणको आहुती दिनु भएको छ। त्यो क्षेत्रलाई हामीले शहिद पार्क बनाउने, शहिद स्तम्भ र शालिक र स्मारक बनाउने भनेर बढैयाताल गाउँपालिकाले नीति, कार्यक्रम र बजेट विनियोजन गरेको छ। आगामी दिनमा यसलाई सफल बनाउँछौं। मानखोलामा ड्याम लगाएर बोटिङ गर्ने सम्भावना रहेको छ।

**धार्मिक पर्यटनको सम्भावना कस्तो छ ?**

यहाँ सबै धर्म सम्प्रदायका मानिसहरू बस्छन्। गाउँपालिकामा मन्दिर मात्र होइन, क्रिश्चियनहरू चर्च, मुस्लिमका मस्जिद, बौद्ध

धर्मालम्वीका गुम्बा लगायतका पुरातात्विक कुराहरूको पनि संरक्षण गर्ने नीति लिएका छौं। यो स्थानीय, प्रदेश र संघीय सरकारको दायित्व हो भन्ने कुरा थाहा छ। त्यसैले सबै धर्म सम्प्रदायलाई समान रूपमा माया, ममता र स्नेहका साथ अघि बढेका छौं।

**बढैयातालमा भारतलगायतका बाह्य पर्यटक आगमनको अवस्था कस्तो छ ?**

बढैयाताललाई केन्द्रविन्दु बनाएर एउटा पर्यटकीय सर्किट बनाउन सकिन्छ। त्यसका लागि हामीले ताललाई राम्ररी व्यवस्थित गरेर स्थापित गर्नुपर्छ। बढैयातालमै मोटरबोट चलाउने योजना छ। बढैयाताल क्षेत्रमै लग्दहवा बाबाको मन्दिर पनि छ। लग्दहवा बाबा भनेको शिव र विष्णुको रूप हो भन्ने धार्मिक विश्वास छ। त्यसपछि बढैयाताल-लग्दहवा बाबा मन्दिर-बाँसगढीको केदारेश्वर धामलाई जोडेर प्याकेजमा काम गर्न सकेमा छिमेकी मुलुक भारतलगायतका बाह्य पर्यटकलाई पनि आकर्षित गर्न सकिन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पनि पर्यटक भित्र्याउन सक्छौ भन्ने लाग्छ।



संवाद




# बढैयातालले खाडीमा जाने ५०० युवालाई गाउँमै रोजगारी दिनेछ

– लक्ष्मीकुमारी अधिकारी
उपाध्यक्ष
बढैयाताल गाउँपालिका

**बढैयातालमा पर्यटकीय अवस्था कस्तो छ ?**

एकदमै ठूलो लक्ष्य र सपनाका साथ बढैयाताललाई नै महत्व दिन गाउँपालिकाको नाम नै बढैयाताल नामाकरण भएको हो। बढैयातालको सम्बन्धमा हामीले ठूलो सपना देखेका छौं। सुखी जनता र समृद्ध बढैयाताल भन्ने मूल उद्देश्य नै यही बढैयातालको परिकल्पनाले लिएका छौं।

**बढैयातालको विकास कसरी गर्ने सोच बनाउनु भएको छ ?**

बढैयातालमा गत वर्षदेखि नै बाँध बाँध्ने कामको सुरुवात भइसकेको छ। नहर किनारमा दोहोरो बाटो बनाउँदैछौं। आएका पर्यटकलाई यो बढैयाताल त निकै सुन्दर रहेछ भन्ने बनाउने परिकल्पना गरेका छौं। त्यही अनुसार काम भइरहेको छ। तालमा रहेका कमलका ऐतिहासिक फूललाई संरक्षण गर्दै पर्यटकलाई धेरै भन्दा धेरै भित्र्याउने लक्ष्य छ। बढैयातालबाट खाडी मुलुकमा काम गर्न गएका ५०० युवालाई बढैयाताललाई पर्यटकीय क्षेत्र बनाइसकेपछि गाउँमै रोजगारीको व्यवस्था हुनेछ। तालबाट ठूलो आयआर्जन पनि हुनेछ।

**गाउँपालिकाले पर्यटकीय क्षेत्रको लागि कस्तो नीति बनाएको छ ?**

हामीले हालै बनाएको नीति तथा कार्यक्रम र बजेटमा पर्यटन क्षेत्रलाई प्राथमिकता नै दिएका छौं। बढैयातालमा डेढ करोड रूपैयाँको लागतमा माटो झिक्ने र बाँध बाँध्ने कामहरू भइरहेको छ। इन्जिनियरले नक्सा बनाइरहनु भएको छ। अब हामीले ठूलो योजनामा राखेर ५० करोडको कार्यक्रम ल्याएर सुरुवात गर्ने भन्ने कार्यपालिका बैठकबाट निर्णय भएको छ। तत्काल सुरु गर्ने लक्ष्य लिएका छौं। नीति र कानुन बनाएका छौं। हिउँदे अधिवेशन पनि आउँदैछ। हिउँदे अधिवेशनबाट पारित गरेर ठूलो सोचका साथ काम गर्ने योजना छ।

**बढैयाताल बाहेकका पर्यटकीय क्षेत्र के कति छन् ?**

वडा नं. ६ मा वन वाटिका छ। त्यहाँ पनि हामीले एउटा पर्यटकीय क्षेत्र बनाउने गेट

निर्माण भएको छ। त्यहाँभित्र मन्दिर पनि निर्माण भएको छ।

**पर्यटकीय क्षेत्रबाट गाउँपालिकाको आन्तरिक स्रोतमा कत्तिको मद्दत मिल्ने देख्नु भएको छ ?**
अहिले नै आम्दानी गर्ने भन्दा पनि सुरुवात गर्नु नै ठूलो कुरा हो जस्तो हामीलाई लागेको छ। अहिले त लक्ष्य मात्र लिएका छौं। सही लक्ष्य र सही योजना भएपछि पक्कै पनि त्यो पूरा हुनेछ। लुम्बिनी र सौराहाको अभ्यास हेर्दा गरेपछि हुन्छ भन्ने विश्वास दिलाएको छ।

**बढैयातालको जग्गा अतिक्रमण भएको छ। त्यो हटाउन के गर्नु भएको छ ?**
बढैयाताल समृद्ध बनाउने भनेको आम जनताको लागि हो। बढैयाताल गाउँपालिकाबासी जो कोहीले पनि अतिक्रमण भएको छ भने कृपया म अहिले पनि अनुरोध गर्न चाहन्छु। यो ताल भनेको बढैयातालको गहना हो। यसलाई छोट्याउने र कोट्याउने वातावरण नगरियोस्। जग्गा अतिक्रमणको विषयमा सर्वोच्चमा समेत पुगेर हाम्रो छिनोफानो भइसकेको छ भन्ने कुरा पनि सुन्नमा आएको छ। अतिक्रमणलाई सहमति दिने कुरा स्थानीय सरकारले गरेको छैन।

**गाउँपालिकाको नेतृत्वमा हुनुहुन्छ। यहाँको पर्यटकीय क्षेत्रको विकासको लागि कसरी पहल र प्रयत्न गर्नुहुन्छ ?**
म पालिकाको तर्फबाट वा मैले व्यक्तिगत रूपमा पनि गर्नुपर्छ भने त्यसमा लाग्न तयार छु। बढैयातालको उपाध्यक्षको रूपमा बोल्दै गर्दाखेरी समृद्ध बढैयाताल बनाउन मेरो




दायराभित्र पर्ने, मैले गरेर हुने कामलाई कहीँ पनि बाँकी राख्दिन। सहज रूपमा कहाँ के गर्नुपर्छ ? के भन्न पर्छ ? के बोल्नपर्छ ? त्यसको लागि तयार छु।

**आन्तरिक र बाह्य पर्यटक अनि स्थानीयलाई के भन्न चाहनुहुन्छ ?**
बढैयाताल एउटा सुन्दर ताल हो। यहाँ विभिन्न थरीका चरा अवलोकन गर्न सकिन्छ। आउनुस्, घुमेर आनन्द लिनुस्। हामीले बढैयाताललाई एउटा जैविक पर्यटकीय क्षेत्रको रूपमा रेखाङ्कन र नक्साङ्कन कोरिरहेका छौं। बढैयातालको हितको लागि यहाँका नागरिक पनि लागि परौं। समृद्ध बढैयाताल बनाउने सबै जुटौं।

संवाद

# बढैयाताल 'बर्दियाको फेवाताल बन्न सक्छ'



– दानबहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत
बढैयाताल गाउँपालिका

**बढैयाताल गाउँपालिकाको पर्यटकीय अवस्था कस्तो रहेको छ ?**

नेपाल पर्यटकीय दृष्टिले अत्यन्तै धेरै गन्तव्य भएको मुलुक हो। हामी यो क्षेत्रलाई नयाँ मुलुक भनेर पनि चिन्छौं। बर्दिया नेपालको एउटा अन्नको भण्डारले परिचित जिल्ला पनि हो। भौगोलिक हिसाबले हामी तराई बेल्टमा छौं। बढैयाताल गाउँपालिकाको नाम नै पर्यटकीय क्षेत्र वा प्रसिद्ध बढैयातालको नामबाट रहन गएको छ। गाउँपालिकाको सबैभन्दा आकर्षणको केन्द्रविन्दु बढैयाताल क्षेत्र नै हो। आन्तरिक र बाह्य पर्यटकले अवलोकन गर्ने थलोको रूपमा बढैयाताल रहेको छ। साथै बाँके जिल्लाको अन्तिम सिमाना, बर्दिया जिल्लाको पनि अन्तिम सिमाना, छिमेकी मुलुक भारतसँग जोडिएको कृषि तथा पशुपालनको क्षेत्रमा पनि उर्वरायुक्त कृषि पर्यटनको रूपमा पनि एउटा हब बन्ने अवस्थामा रहेको छ।

**गाउँपालिकाका पर्यटकीय क्षेत्रको विकासका लागि बजेट विनियोजनको अवस्था पनि बताइदिनुस् न ?**

बढैयाताल गाउँपालिकाले अघिल्लो निर्वाचित पदाधिकारीहरूको कार्यकालदेखि नै बढैयाताललाई जर्गेना गर्ने, यसको प्रचार प्रसार गर्ने, प्रबर्द्धन गर्ने, संरक्षण र विकास गर्दै हेर्न लायकको ताल बनाउने दृष्टिकोणका साथ एउटा ठूलो प्रोजेक्ट तयार भएको छ। जसले ताललाई संरक्षण गर्ने, सम्बर्द्धन गर्ने ताल वरिपरी संरचना निर्माण गर्ने कार्यका लागि करिब एक अर्ब भन्दा बढीको लागतको अनुमानित बजेट लाग्ने गरि विस्तृत प्रोजेक्ट (डीपीआर) प्रतिवेदन समेत तयार भएको छ। जसले हामीसँग भएको स्रोत साधनको प्रयोग गर्ने र हामीसँग नहुने स्रोत साधनको लागि बाह्य सहयोग (संघीय, प्रदेश सरकार र अन्य दातृ निकाय वा पर्यटन क्षेत्रमा सहयोग गर्ने निकायसँग पहल गर्ने) जुटाउने ध्येयका साथ अघि बढ्न सहज पुग्ने आशा गरिएको छ। बढैयाताल गाउँपालिकाले दुई वर्षदेखि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा केही भाग ड्याम बनाउने ध्येयका साथ करिब ६ करोड रूपैयाँको ठेक्का लगाएर गत वर्षदेखि कामको प्रक्रियामा गइसकेको छ। साढे तीन करोडको ठेक्का स्वीकृत भइ कार्यान्वयनको चरणमा छ। गत वर्षदेखि त्यो काम भइरहेको छ। करिब तिन

हजार मिटरको हाराहारीमा ड्याम बनेको छ। जसले गर्दा ताललाई हेर्न लायकको बनाइँदैछ। हामी सुरुवातको चरणमा छौं। यो काम सम्पन्न भएपछि पक्कै तालको शोभा बढ्ने छ। अन्य कृषि, सडक, पशुपालन लगायत मठ मन्दिर जस्ता पर्यटन प्रवर्द्धनका लागि पालिकाको स्रोत अनुसार बजेट बिनियोजन गरिएको छ।

बढैयातालका विभिन्न वडामा रितिरिवाज चालचलन, कला, संस्कृति, भेषभुषा जातीय रूपमा विविधता छ। खास गरि थारु समुदायको बाहुल्यता रहेको छ। विभिन्न ठाउँमा मठ मन्दिर चर्चहरू छन्। तिनको संरक्षणका लागि गाउँपालिकाले वडा स्तरबाटै पहल गरिरहेको छ। प्रदेश सरकारबाट पनि मठ मन्दिरलाई संरक्षण गर्न केही बजेट विनियोजन भएको अवस्था छ। पुरानो थारु संस्कृतिको जगेर्ना समेत गर्नु छ। जातीय विविधताको ब्यवस्थापन पनि गर्नु छ। थारु समुदायको उत्पादन एवं कलाको संरक्षण र प्रचार प्रसार गर्नुछ।

**पर्यटन पूर्वाधार विकासका लागि पर्याप्त बजेट छ त ?**

गाउँपालिकामा करिब ८७ करोडको वार्षिक बजेट गाउँसभाबाट पारित भइ कार्यान्वयन गरिरहेका छौं। त्यही बजेटको परिधिमा रहेर सडक निर्माण, सडक मर्मत सम्भार, कृषि, शिक्षा, स्वास्थ्य, भवन निर्माणलगायतका सामाजिक, आर्थिक, भौतिक, पूर्वाधार, लैङ्गिक शसक्तिकरण, जेष्ठ नागरिक अल्पसंख्यक लगायतका क्षेत्रगत रूपमा काम गर्नुपर्छ। आयोजना सञ्चालनका लागि ठेक्का आव्हान गरेर सम्झौता भएका छन्। केही हामी कार्यान्वयनको चरणमा छौं। यसलाई केही हदसम्म उपलब्धीमूलक मान्नुपर्छ।

**पर्यटकीय क्षेत्रको विकासको लागि प्रदेश र संघीय सरकारसँग के कस्तो समन्वय गरेर काम भएको छ ?**

मैले अघि पनि भने हाम्रो गाउँपालिकाको मुख्य केन्द्रविन्दु भनेकै बढैयाताल हो। नेपालका विभिन्न छापा तथा अध्ययन सामग्रीहरूमा पनि सायद बढैयातालको बारेमा लेखिएको हुनुपर्छ। त्यसैले पनि जनप्रतिनिधिको अघिल्लो कार्यकालमा नै संघीय सरकारबाट प्रबर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन मन्त्रालयमा प्रस्तावना पेश गरेर कार्यक्रम स्वीकृत भएको थियो। तथापि हामीले बजेट प्राप्त गर्न सकेनौं। केही लगानी संघीय प्रदेश सरकारले गरिदिने, केही लगानी पालिकाले गर्ने भन्ने हाम्रो योजना हो। नेपाल सरकारको ताल संरक्षण समिति छ। त्यसले १५ लाख रूपैयाँ विनियोजन गरेको छ। हाम्रो गाउँपालिकाले पनि डेढ करोड रूपैयाँ म्याचिङ फण्डमा राखेर प्रबर्द्धन गरिरहेका छौं। केही बजेट थप भएको छ। साना तिना मठ मन्दिरका कुरा त छँदैछ। वडाबाटै भइरहेको छ। आगामी दिनमा पनि संघीय, प्रदेशसभामा प्रतिनिधित्व गर्ने माननीय सांसदहरूबाट पनि पर्यटकीय क्षेत्रको विकास, पर्यटकीय हब बनाउने र पूर्वाधार जोड्ने सन्दर्भमा समन्वय र पहल गर्न हामीले पालिकाको तर्फबाट अनुरोध पनि गरेका छौं। कार्यपलिकाको निर्णय अनुसार अन्तर तह समन्वय गर्न गाउँपालिकाका अध्यक्ष संयोजक रहेको समन्वय समिति समेत गठन गरेका छौं।

**बढैयाताल कसरी जिल्लाको सुन्दर पर्यटकीय गन्तव्य बन्नसक्छ ?**

बढैयाताल नेपालगन्जदेखि करिब २० किलोमिटरको हाराहारीको दुरीमा छ। गुलरिया



नगरपालिकासँग पनि जोडिएको छ। भौगोलिक सुन्दरता छ। दक्षिणमा भारतको सीमाना छ। उत्तरमा पूर्व-पश्चिम राजमार्ग छ भने बीचमा हुलाकी सडक सञ्जालले जोडेको छ। आवागमनमा अत्यन्तै सहज छ। नेपालगन्जमा व्यस्त जीवनशैली छ। त्यहाँ दिनभरीको थकान मेट्न बढैयातालमा आएर घुमेर आनन्द लिन सकिनेछ। हाम्रो बढैयाताललाई पोखराको फेवाताल जस्तै सुन्दर बनायौं भने पक्कै पनि ताल हेर्न आउने, तालमा रमाइलो गर्न आउने, एउटा सुन्दर पर्यटकीय हब बन्नसक्छ। त्यसका लागि गाउँपालिकाको एकल प्रयासमात्र सम्भव नहुने भएकाले प्रदेश र संघीय सरकारबाट सहयोग हुन जरुरी छ। यसलाई कम्तीमा पनि नेपालका व्यवस्थित तालहरू जस्तै गर्न सक्यौं भने सबैले भ्रमण गर्ने, हेर्न आउने, आनन्द लिने गन्तव्य बन्नसक्छ। स्रोतको खोजी, लगानी बढाउने, साझेदारको खोजी गर्ने, सरकारले स्वामित्व ग्रहण गर्ने वा पूर्ण निर्माण गरेर पालिकालाई हस्तान्तरण गर्ने, पूर्वाधार निर्माण गर्ने, थारु संग्राहलयको स्तरोन्नति गर्ने, डीपीआर अनुसार काम गर्ने, डुंगा चलाउने गरेमा एक आकर्षणको केन्द्र बिन्दु भइ पर्यटन प्रबर्द्धन हुने, बन्ने, आशा गर्न, गर्व गर्न लायक स्थान बन्नसक्छ।

**भावी योजना के कस्ता छन्?**

मुलुकभरी नै चिनिएको भनेकै बढैयाताल नै हो। आगामी दिनमा पनि पालिकाको नीति निर्माताहरूले बढैयातालको संरक्षण सम्बर्द्धन गर्नुपर्छ। बढैयातालकै कारणले गाउँपालिका चिनिएको छ। बढैयातालमा माछा मात्र पालन गरेको खण्डमा पनि वार्षिक करोडको हाराहारीमा माछा बेचेर आम्दानी गर्न सकिन्छ। त्यसैले हामी बढैयाताललाई बर्दियाको फेवातालकै रूपमा विकास गर्न खोजिरहेका छौं। साथै गाउपालिकाको आफ्नै पपर्यटन गुरुयोजना वा आन्तरिकपर्यटन पर्बर्धन गर्ने नीति नहुनु, न्युन स्रोत बिनियोजन हुनु जस्ता समस्यालाई निराकरण गर्न गुरुयोजना बनाउने , साझेदारीमा गतिबिधि संचालन गर्ने , स्रोतको ब्यबस्थापन गरि एग्रोपर्यटनलाइ समेत चिनाउने प्रयत्न गरिने छ सामुदायिक , सांस्कृतिक जातीय अन्तरघुलन गरि सुसंस्कृत पालिका निर्माण गर्नु छ।




**बढैयातालको नीति, कार्यक्रम र बजेट**

# पर्यटन नै समृद्धिको आधार

बढैयाताल गाउँपालिकाको आर्थिक वर्ष ०७९/८० मा पर्यटनलाई समृद्धिको आधार मानेर नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। गाउँपालिका अध्यक्ष हिमालय त्रिपाठीले ११औं गाउँसभामा 'शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : बढैयाताल गाउँपालिकाको समृद्धिको आधार' भन्ने मूल नारासहित नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ।

नीति तथा कार्यक्रममा बढैयाताल गाउँपालिका आफैमा लामो ऐतिहासिक पृष्ठभूमि बोकेको भूमि भएकाले यसभित्रका परम्परागत पेशा, व्यवसाय, कृषि, आर्थिक, सामाजिक, सांस्कृतिक धार्मिक आस्थासँग जोडिएका पहिचानमा आधारित पर्यटकीयस्थलहरूको संरक्षण प्रबर्द्धन र व्यवसायिकरण गरी बढैयाताल गाउँपालिकाका जनताको जनजीविकालाई सहज बनाउँदै समृद्ध बढैयाताल गाउँपालिकाको निर्माणको जग बसाल्ने कार्यको थालनीको गर्ने उल्लेख छ।

**नीतिमा निम्नानुसार व्यवस्था गरिएको छ :**

- कृषि पर्यटन क्षेत्रको अवधारणालाई मूर्त रूप दिन बढैयातालको पूर्वाधार सुधार तथा जल जैविक व्यवस्थापनमा विशेष जोड दिँदै ताल क्षेत्रको आसपासका बस्तीमा होमेस्टे प्रबर्द्धनको कार्यक्रम अगाडि बढाइनेछ।
- शहिद/बेपत्ता परिवारहरूका् नाममा शहिद पार्क निर्माण गरिनेछ।
- ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरूको पहिचान, संरक्षण र सम्बर्द्धन गर्न नीति लिइनेछ।
- महत्वपूर्ण पर्यटकीय स्थलहरूमा सूचना पाटीहरू राखिनेछ। गाउँपालिकाले पर्यटन सम्बन्धी वृत्तचित्र तयार गरी विभिन्न सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाभित्र रहेका विभिन्न जातजाति तथा धर्म संस्कृति भएका समुदायहरूको

मौलिक, सांस्कृतिक पहिचान, भेषभूषा, भाषा, मठमन्दिर, पाटी, पौवा, चर्च, गुम्बा, मस्जिद, थनुवा, मरुवा, सच्चाइलगायतका धार्मिक स्थल र सभ्यताको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिइनेछ।

- पर्यटकीय क्षेत्रको प्रचारप्रसार र विस्तारका लागि पर्यटकीय सम्पदा, पर्यटनस्थलहरू र पर्यटन मार्गमा पर्यटनमैत्री पूर्वाधार विकास गरी पर्यटन प्रबर्द्धनको लागि विशेष जोड दिइनेछ।
- बढैयाताल गाउँपालिकाको वडा नं. ५ को जगतीया गाउँलाई सांस्कृतिक नमूना गाउँका लागि पूर्वाधार निर्माण गरिनेछ।
- बढैयाताल संरक्षण गर्न बढैयाताल संरक्षण कार्यविधि बनाइनेछ।
- गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पौराणिक एवं पुरातात्विक महत्वका क्षेत्रहरू तथा स्थलहरूरुको संरक्षण, सम्बर्द्धन, प्रचारप्रसार र विकासका लागि आवश्यक कार्य गरिनेछ।
- डीपीआर तयार भइसकेका पर्यटकीय क्षेत्र बढैयाताल व्यवस्थापन, पिकनिक स्पट निर्माण कार्यलाई केन्द्र, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा अगाडि बढाइनेछ। चिल्ड्रेन पार्क निर्माणलाई यसै वर्षदेखि प्रारम्भ गरिनेछ।
- स्थानीय भाषा संस्कृतिको जर्गेना गर्ने गरी समुदायमा आधारित होमेस्टे, पर्यटनको विस्तार तथा संरक्षण, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला, संस्कृतिको संरक्षण तथा प्रचारप्रसारको लागि पोस्टर, पम्पलेट छपाइनुका साथै डकुमेन्ट्री बनाइनेछ। पालिकाभित्र रहेका मस्जिद, मन्दिर, चर्च, गुम्बालगायतकालाई संरक्षण र सम्बर्द्धन गरिनेछ।
- बढैयाताल गाउँपालिकामा रहेको पर्यटन विकासलाई विभिन्न कार्यक्रम मार्फत पर्यटन कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अधुरो थारु सांस्कृतिक संग्राहलयको पूर्णताको लागि आवश्यक पहल गरिनेछ।
- मानभ्फुण्डी सामुदायिक वनलाई पर्यटकीय गन्तव्य तथा पर्यापर्यटन बनाउन शहिद पार्क, पिकनिक स्पट, धार्मिक क्षेत्रको रूपमा विकास गरिनेछ। खैरेनी सामुदायिक वनमा पिकनिक स्पट पार्क निर्माण गरिनेछ। यसै बढैयाताल गाउँपालिकाको वडा नं. ८ को मयुर सामुदायिक वनको क्षेत्र कनैया फाँटलाई पिकनिक स्पट पार्क निर्माण गरिनेछ।

**बजेटमा पर्यटकीय र धार्मिक क्षेत्र**

बढैयाताल गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीकुमारी अधिकारीले ११औं गाउँसभामा प्रस्तुत गरेको आर्थिकवर्ष ०७९/८० को बजेट तथा कार्यक्रममा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

- पालिकाका महत्वपूर्ण गौरवका आयोजनाहरू सञ्चालन गर्ने परिलक्ष्यका साथ केही आयोजनाहरूलाई पहिलो प्राथमिकतामा राखी निर्माण प्रक्रिया अघि बढाइनेछ।

कार्यालयको प्रशासकीय भवन, बढैयाताल बाँध निर्माण तथा सरसफाइ आयोजना, मैनापोखर जगतीया सडक, पचासा बोगटिया सडक तथा कार्यालय परिसर वरपरका सडक खण्डहरूको निर्माणचालु आर्थिक वर्षदेखि सुरु गरिनेछ। यसका लागि १२ करोड ८० लाख बजेट विनियोजन गरिएको छ।

- पर्यटकीय क्षेत्र विस्तार तथा माछाको सुपर जोन कार्यक्रमलाई टेवा पुर्‍याउने उद्देश्यले बढैयाताल माछा पूरा पालन केन्द्र निर्माण तथा थारु संग्राहलय र पिकनिक स्पट क्षेत्रको मर्मत सम्भारका लागि १ करोड ३२ लाख रूपैयाँ विनियोजन गरिएको छ।
- पर्यटन तथा संस्कृति क्षेत्रको समग्र विकासका लागि आर्थिक वर्ष ०७९/८० मा आन्तरिक तर्फ १ करोड ७५ लाख, शसर्तमार्फत १५ लाख, साझेदारी पर्यटन मन्त्रालयको २ करोड ४५ लाख गरी ४ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ। जनताको बढ्दो चाहाना, आशा, आकांक्षा समग्र पालिकाको हितलाई मध्य नजर गरी पर्यापर्यटन प्रबर्द्धन, मठमन्दिर संरक्षण, होमस्टे सञ्चालन तथा पर्यटन पूर्वाधारको निर्माण जस्ता कार्यक्रमहरूबाट समग्र बढैयातालको आर्थिक उत्पादन बृद्धि गर्ने उद्देश्यले निम्न कार्यक्रम गरिनेछ :
  - पर्यटन मन्त्रालयको साझेदारीमा सञ्चालित बढैयातालको बाँध निर्माण तथा ताल सरसफाइ कार्यक्रमलाई यसै वर्ष सम्पन्न गर्नका लागि कार्यालयबाट एक करोड ७५ लाख र पर्यटन मन्त्रालयको तर्फबाट २ करोड ४५ लाख प्रस्ताव गरी आन्तरिकतर्फको बजेट सुनिश्चित गरिएको छ।
  - गाउँपालिकामा पर्यटन विकासका लागि होमेस्टे सञ्चालन गर्न ५ लाख रूपैयाँ र मठमन्दिर संरक्षणका लागि २० लाख विनियोजन गरिएको छ। यो कार्यबाट धर्म, संस्कृति, पर्यटन विकासमा टेवा पुग्नेछ।



## गाउँपालिका र वडाले पर्यटकीय क्षेत्रमा विनियोजन गरेको बजेट

| विषय | बजेट |
|---|---|
| बढैयाताल पूर्वाधार म्याचिङ | १,५०,००००० /- |
| शहिद पार्क निर्माण तथा भवन निर्माण | १०,००००० /- |
| बढैयाताल पूर्वाधार मर्मत सम्भार तथा गार्डेन निर्माण | ५,००००० /- |
| पर्यटकीय क्षेत्रको प्रचारप्रसार कार्यक्रम | २,००००० /- |
| मालिका मन्दिर शिवशक्तिपुर तारबार निर्माण | २,००००० /- |
| अन्नदेश्वर शिवालय मन्दिर शिवशक्तिपुर होमकुण्ड निर्माण | २,००००० /- |
| सुरदास बाबा कुटीमा पर्खाल निर्माण | २,००००० /- |
| जानकी मन्दिर सिमरा फिनिसिङ तथा रंगरोगन | १,००००० /- |
| मलंगसार बाबा ट्रस निर्माण | २,००००० /- |
| थारु देवताको थनुवा निर्माण रामनगर | ५०,००० /- |
| थनुवा धारा निर्माण नयाँ बस्ती | २,००००० /- |
| मस्जिद निर्माण तथा मर्मत खैसा | २,००००० /- |
| शिवमन्दिर निर्माण बढैयागाउँ | ५,५०,००० /- |
| मन्दिर निर्माण पासीपुर | १,५०,००० /- |
| शिव मन्दिर मर्मत हल्लनचोक | १,००००० /- |
| थनवा (मरुवा) निर्माण भदोही उत्तर टोल भदोही | १,००००० /- |
| नवजीवन चर्चको छानोको लागि ट्रस साथै कर्कतपाता भदोही | १,००००० /- |
| मैनादेवी मन्दिर हाताभित्र कर्कटपातासहित ट्रस निर्माण तल्लो मैनापोखर | ३,००००० /- |
| कालिका मन्दिर पचासाको अधुरो भवन निर्माण | ५,००००० /- |
| थारु मरुवा मन्दिर निर्माण पचासा | २,००००० /- |
| गुम्बामा माटो पटान मुनालबस्ती | १,५०,००० /- |
| चर्च फिनिसिङ तथा रंगरोगन जनतानगर | २,५०,००० /- |
| वनदेवी मन्दिर फिनिसिङ वनशक्ति | २,५०,००० /- |
| बाल उद्यान निर्माण मुक्त कमैया आधारभूत विद्यालय जनतानगर | ५,००००० /- |
| जनतानगर मन्दिर वरिपरी माटो पटान | २,००००० /- |
| प्राचीन कालिका मन्दिर संरक्षण बढैयाताल ९ | ७,५०,००० /- |

# पर्यटकीय सम्भावनाहरू



बढैयाताल गाउँपालिकामा पर्यटकीय सम्भावना नै सम्भावना छ। गाउँपालिकामा पर्याप्त समथर जमिन रहेकाले कृषि, पशु, वनमा आधारित उद्योगका साथै शैक्षिक र औषधीय पर्यटनको विकासको सम्भावना छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता छ। गाउँपालिकाका सबैजसो वडाहरूमा सडक, बिजुली, पानीलगायत आधारभूत आवश्यकता पूरा गर्दा कृषिमा आधारित पर्यटन उद्योग स्थापना गर्न सकिन्छ। गाउँपालिकामा निम्न पर्यटकीय गन्तव्य बन्न सक्छन् :

**होमेस्टे**

बढैयातालबासीको मुख्य पेशा कृषि हो। यहाँको पर्यटकीय विकास पनि कृषिमा आधारित हुनसक्छ। परम्परागत र निर्वाहमुखी रहेको कृषिलाईयान्त्रिकरण र आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक हिसाबले महत्वपूर्ण योगदान दिनसक्छ। कृषिलाई पर्यटन व्यवसायसँग जोड्न कृषि उपजमा आधारित सामुदायिक विशेषताका होमेस्टे सञ्चालन गर्न सकिन्छ। यस्तो सम्भावना सबै वडामा रहेको छ।

**मानखोलामा बोटिङ**

बढैयातालमा त बोटिङ हुन्छ। तालको जमेको पानीमा मात्र नभएर बगेको पानी मानखोलामा बोटिङ सञ्चालन गर्न सकिने सम्भावना छ। खहरे खोला जस्तो भएकाले मानखोलामा ड्याम बनाएर त्यो पानीमा बोटिङ गर्न सकिन्छ। त्यसका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन गरेर व्यवसायिक फर्मलाई ठेक्का मार्फत बोटिङ र र्‍याफ्टिङ सुरु गर्न सके आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ।

**युद्ध पर्यटन**

बर्दिया जिल्लामा सशस्त्र युद्धका क्रममा बढैयाताल माओवादीको गढको रूपमा थियो। विगतमा जगतीयता गाउँमा बसेर माओवादीले जिल्लामा जनसरकार र जनसत्ताको अभ्यास गरेको थियो। युद्धका गढ भएकाले बनाएका यी क्षेत्रलाई युद्ध पर्यटन क्षेत्रको रूपमा विकास गर्न सकिन्छ। यहाँ युद्ध संग्राहलय, पदमार्ग र शहिद बेपत्ताका नाममा पार्क र स्मारक निर्माण गरेर माओवादी आधार इलाकालाई पर्यटनको रूपमा विकास गर्न सकेमा बाँकेमा मिनी रोल्पाको रूपमा पर्यटकलाई आकर्षित गर्न सकिन्छ।

**पर्यापर्यटन**

गाउँपालिकामा वन क्षेत्र थुप्रै छन्। सामुदायिक र वन क्षेत्रलाई पर्यापर्यटनको रूपमा विकास गर्न सकिन्छ। यी वनहरूमा वनभोजस्थल, पार्क, चिडियाखाना बनाएर स्वदेशी र विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ। गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैरकाष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमासोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।






**धार्मिक पर्यटकीय गन्तव्य**


बढैयातालमा एक सय वर्षभन्दा पूराना मठमन्दिर छन् । यहाँ विभिन्न धर्म, सम्प्रदायका व्यक्तिको बसोबास छ। गाउँपालिकामा रहेका धार्मिक क्षेत्रको विकास गरेर पनि धार्मिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ। त्यसका लागि सो क्षेत्रको विकासको गुरुयोजना बनाएर काम गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानलाई पर्यटकीय क्षेत्रको रूपमा विकासगर्न सकिने प्रशस्त सम्भावना छन् । गाउँपालिका र वडाबाट धार्मिक क्षेत्र संरक्षण र प्रबर्द्धनको काम भइरहेको छ ।

गाउँपालिकामा थारु समुदाय सबैभन्दा धेरै संख्यामा छन् । थारु संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने प्रसस्तसम्भावना छ । त्यसैगरी अन्य समुदायका कला, संस्कृतिलाई पनि संरक्षण सम्बर्द्धन गर्न सकेमा सांस्कृतिक पर्यटकीय नगरीको रूपमा विकास गर्नसक्ने सम्भावना छ ।



# प्रचारमा बढैयाताल





ताजा अपडेट सम्पादकीय अन्नपूर्ण हेडलाइन विचार अन्तर्वार्ता खेलकुद अर्थतन्त्र राजनीति अन्य

अर्थतन्त्र > तंग्रिँदै बढैयाताल

## तंग्रिँदै बढैयाताल

बढैयातालमा आउने साइबेरियन चरा।

यादव आचार्य
अर्थतन्त्र
३० असार २०७६, ०७:३९

**गुलरिया** : बर्दियाको बढैयाताल गाउँपालिका पर्यटनमा तँग्रिन थालेको छ। तालकै नामबाट नामाकरण गरिएको गाउँपालिकाले पर्यटनमार्फत पालिकालगायत स्थानीयको आयस्तर वृद्धि गर्ने


## जलकुम्भीले ढाक्यो ताल

**शंकरप्रसाद खनाल** | *बढैयाताल (बर्दिया)*

कमलका फूलले बढैया ताल ढकमक्कै ढाकिएको हुन्थ्यो। सयौं प्रजातिका पाहुना र लोपोन्मुख चरा प्रशस्तै देखिन्थ्यो। चराचुरुंगीको बासस्थानले वातावरण रमणीय हुन्थ्यो। यी सारा अवलोकन गर्न स्वदेशी तथा विदेशी पर्यटक आउँथे। तर, हिजोआज जलकुम्भीले ढाकिएर कुरुप बनेको छ। बर्दियाको बढैयाताल गाउँपालिका-५ बढैया गाउँमा पर्ने यो तालले संरक्षण पाएको छैन।

'जलकुम्भीले तालभरि रहेको कमलको फूल पूरै नष्ट गरिदिएको छ। अहिले त कमलको

हानिकारक भएको बताउँछन्। 'य सुन्दरको बाधक हो। तालमा पालिएक लागि पनि जलकुम्भी दुस्मन नै भ जलकुम्भीका कारण माछाले सजिलै उ लिन पाउँदैन', कल्पवृक्ष कृषि सह अध्यक्षसमेत रहेको पंगेनी भन्छन्, 'जा चाँडो बढैयातालबाट जलकुम्भी निकाल्नुप

यहाँ हिउँदमा पनि पानी सुक्दैन। तत्व जिल्ला विकास समितिले वार्षिक २५ लाख माछा ठेक्काबाट आम्दानी गर्थ्यो। गाउँपा बनेयता तालमा माछा पाल्न र ठेक्का छोडिएको छ। तालको माछाको पूर्ति भने द निजी पोखरीले गरेका छन्।


## बढैयातालमा निर्वाधरुपमा हुर्किंदै चराका बचेरा

ताजा समाचार


## बढैया काललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिंदै

लक्ष्मण डुंगाना

बर्दिया, १२ भदौ

बर्दियाको सबैभन्दा ठूलो बढैया काललाई संरक्षण गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थालिएको छ । बढैयाताल गाउँपालिकाको यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा काललाई स्थानीय गौरवको आयोजनाको रूपमा प्राथमिकता दिएपछि ताल संरक्षण गरी पर्यटकिय क्षेत्रको रूपमा विकास गर्न थालिएको हो ।

तालको जैविक विविधता संरक्षण र सम्वर्द्धन गर्दै सडक कालोपत्रे, बोटिङ गर्ने, पार्क निर्माण, सरसफाइ र रिसोर्टहरूको आधारभूत तयारी गर्ने योजना रहेको बढैयाताल गाउँपालिकाले जनाएको छ ।

पर्यटन पर्वद्धनका रूपमा विकास गर्न पहिलो प्राथमिकतामा भौलागौडीदेखि तालसम्म जाने करिब ३ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य छ। सडकमा खाल्डाखुल्डी हुँदा पर्यटक आवागमनमा असहज भएको भन्दै १ करोड ३० लाख बजेट विनियोजन गरी सडक कालोपत्रे गर्न थालिएको हो ।

बढैयाताल गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठका अनुसार सडक निर्माण टेन्डर प्रक्रियामा छ । त्यस्तै तालको मुख्य गेट प्रदेश सरकारबाट प्राप्त १८ लाख रुपैयाँबाट निर्माण हुनेछ । ताल सरसफाइ गरी बोटिङ गर्ने, पार्क निर्माण, र रिसोर्टहरूको आधारभूत तयारी गर्ने योजनाका लागि करिब ६० लाख रुपैयाँ गाउँपालिकाले यसवर्ष खर्च गर्ने लागेको अध्यक्ष

[illegible]

जानकारी दिए।

[illegible]

# बढैयाताल गाउँपालिकाका जनप्रतिनिधिहरु



**हिमालय त्रिपाठी**
अध्यक्ष



**लक्ष्मीकुमारी अधिकारी**
उपाध्यक्ष



**प्रेमबहादुर थापा क्षेत्री**
वडाध्यक्ष १ नं.



**डिलादेव गिरी**
वडाध्यक्ष २ नं.



**लल्लन अहिर**
वडाध्यक्ष ३ नं.



**नरे थापा**
वडाध्यक्ष ४ नं.



**तुलाराम चौधरी**
वडाध्यक्ष ५ नं.



**शुक्रराज सापकोटा**
वडाध्यक्ष ६ नं.



**राधेश्याम थारु**
वडाध्यक्ष ७ नं.



**तेजनाथ पौडेल**
वडाध्यक्ष ८ नं.




**वीरबहादुर थारु**
वडाध्यक्ष ९ नं.

## कार्यपालिका सदस्यहरु

| | |
|---|---|
| कार्यपालिका सदस्य | कोपिला मल्ल |
| कार्यपालिका सदस्य | आइतराम परियार |
| कार्यपालिका सदस्य | देवीसरा रैदास |

| | |
|---|---|
| कार्यपालिका सदस्य | चन्द्रकला वि.क. |
| कार्यपालिका सदस्य | डिलमाया सुनार |
| कार्यपालिका सदस्य | टीकाराम सुनार |




बढैयाताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मैनापोखर, बर्दिया

फोन नं.: ९७७-०८४-४०१०७७

इमेल : info@badhaiyatalmun.gov.np

वेभसाइट : www.badhaiyatalmun.gov.np